फोन नं.- ०३१-५४००५४

खडक नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कल्याणपुर, सप्तरी

प्रदेश नं. २, नेपाल

पत्र संख्या : ०७७।७८

## सामुदायिक विद्यालय तथा कार्यालयको लागि सेन्सरयुक्त स्यनिटाईजर तथा थर्मल गन खरिद सम्बन्धि सिलबन्दी दरभाउपत्र आव्हानको ७ दिने सुचना

**(प्रथम पटक प्रकाशित मितिः २०७७/०६/१९)**

यस खडक नगरपालिकाक अर्न्तगतका सामुदायिक विद्यालय तथा कार्यालयहरुको लागी स्वीकृत स्पेसिफिकेसन अनुसार आवश्यक **सेन्सरयुक्त स्यानिटाईजर वक्स तथा थर्मल गन** शिलबन्दी दरभाउपत्र वाट खरिद गर्नु पर्ने भएकोले उक्त कार्य गर्न इजाजत प्राप्त व्यक्ति ,फर्म, संस्था वा कम्पनीहरुबाट तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही रु १०।- को टिकट टाँस गरी सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकासित गरिएको छ ।

### तपशिल

१. यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ७ औ दिन (मिति २०७७।०६।२५) भित्र रु १०००।- तिरी (फिर्ता नहुने गरी) यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिने छ ।

२. दरभाउपत्र खरिद गर्दा अधिकारिक निवेदन साथ निम्न प्रमाणित कागजातहरु संलग्न हुनुपर्ने छ ।

(क) फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणित प्रतिलिपी ।

(ख) आ.व. २०७७/७८ को लागी नविकरण भएको पत्रको प्रमाणित प्रतिलिपी ।

(ग) स्थायी लेखा नम्वरको प्रमाणित प्रतिलिपी ।

(घ) मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(ङ) आ.व. २०७६/०७७ सम्मको कर चुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

३. खरिद गरिएको दरभाउपत्र आठौ दिन (मिति २०७७।०६।२६) को १२:०० वजे सम्ममा रु १०।- को टिकट टाँसी यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ ।

४. रित पुर्वक पेश भएका दरभाउपत्रहरु यो सुचना प्रकाशित मितिले आठौं दिन २०७७।०६।२६ औ दिन दिनको २:०० वजे दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. रित नपुगेको र म्याद नाघि आएको दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

६. दरभाउपत्र खरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्य सो को भोलिपल्ट सोही समयमा हुनेछ ।

७. दरभाउपत्र दाताले दरभाउपत्र पेश गर्दा जमानत वापतको रकम यस नगरपालिकाको कृषि विकास वैंक, कल्याणपुर, सप्तरी स्थित **धरौटी खाता न. ११०३७०१५०८००४०४७** मा नगद जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र वैकवाट वैकिङ्ग कारोवार गर्ने इजाजत प्राप्त क वर्गको बाणिज्य वैकवाट यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ७५ दिनको मान्य अवधि भएको बैक जमानत पत्र (विडवण्ड) पेश गर्नुपर्ने छ ।

८. दरभाउपत्र पेश गर्दा आइटम वाइज रकम अंक र अक्षर दुवैमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा दररेटको अक्षरलाई मान्याता दिइनेछ ।

९. पेश भएका दरभाउपत्र आशिंक रुपमा, पुर्ण रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने अधिकार यस कार्यालमा निहित रहने छ ।

१०. दरभाउपत्रदाताले आफुले दिन चाहेको सेन्सरयुक्त सेनिटाईजर र थर्मल गन उत्पादक कम्पनीको नाम र उत्पादन भएको मुलुकको नाम प्रष्ट संग उल्लेख गर्नु पर्नेछ ।

२०७७।६।१९

प्रमुख प्रशासकिय अधिकृत

फोन नं.- ०३१-५४००५४

खड्क नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कल्याणपुर, सप्तरी
प्रदेश नं. २, नेपाल

पत्र संख्या : ०७७।७८

११.दरभाउपत्रदाताले उपलब्ध गराउने सेन्सरयुक्त स्यानिटाईजर वक्स तथा थर्मल गन गुणस्तरयुक्त नभएमा फिर्ता गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। यसरी फिर्ता गर्दा लाग्ने ढुवानी खर्च दरभाउपत्रदाताले वेहोर्नु पर्ने छ।

१२.दरभाउपत्रदाताले सप्लाई गर्ने सेन्सरयुक्त स्यानिटाईजर वक्स तथा थर्मल गन संलग्न स्पेसिफिकेशन फारम अनुसार हुनु पर्ने छ।

१३.दरभाउपत्रदाताले दरभाउपत्र खरिद गर्दा यस कार्यलयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यलयको छाप लगाएको दरभाउपत्र फारम मात्र खरिद गर्नु पर्नेछ र सोहि फारमको प्रत्येक पानामा बोलपत्रदाताले फर्म वा कम्पनिको छाप र दस्तखत गरि पेश गर्नुपर्नेछ।

१४.एउटा फर्म वा कम्पनीले खरिद गरेको दरभाउपत्र फारम अर्को फर्म वा कम्पनीले दाखिला गर्न पाउने छैन। यदि सो अनुसार भएको पाइएमा निजको दरभाउपत्र फारम प्रतिस्पर्धाभा समावेश गराईने छैन।

१५.यसमा उल्लेख हुन छुट भएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (तेश्रो संशोधन) बमोजिम हुनेछ।

१६.अन्य आवश्यक कुराहरु बुझ्नु परेमा यस कार्यलयमा कार्यालय समय भित्र सम्पर्क राखि बुझ्न सकिने छ।

| सि.नं. | विवरण | लागत अनुमान रकम (भ्याट समेत) | धरौटी |
|---|---|---|---|
| १ | सेन्सरयुक्त स्यानिटाईजर वक्स र सेन्सरयुक्त थर्मल गन - ६५ सेट | १९,९४,४५०।०० | ६०,०००।०० |

२०७७।९।१५

महिनारायण चौधरी
नि. प्रमुख प्रशासकीय अधिकृत